नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

मितिः २०७९/०२/२७

# प्रेस विज्ञप्ती

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावटसम्बन्धी मुद्दा उच्च अदालत पाटनमा मिति २०७९/०२/२७ गते दायर गरिएको ।

**१. अभियुक्तको विवरणः**

- छत्रदेव-२, अर्घाखाँची स्थायी वतन भई वुटवल-६, विकास पथ, रूपन्देही बस्ने नसिपदिन मियाँ ।
- रिब्दीकोट-२, पाल्पा स्थायी वतन भई न्यू मालिका ढुवानी सेवा, (स्थायी लेखा नम्बर ६०३७३१७९८), वुटवलको कारोबार हेर्ने व्यक्ति शंकरप्रसाद आचार्य ।
- सिद्धार्थनगर-१, रुपन्देही स्थायी वतन भई न्यू मनकामना सप्लायर्स (स्थायी लेखा नम्बर ६०५००३२२४) सिद्धार्थनगर-१, वेलहिया, रुपन्देहीका प्रोप्राईटर रेखा जैसवाल ।
- भारत दिल्ली गान्धीनगर राजगढ कलोनी स्थायी वतन भई काठमाडौं महानगरपालिका वडा नम्बर १ बस्ने आशिष सिंह ।

**२. कसूरको संक्षिप्त विवरणः** प्रतिवादीहरु शंकर प्रसाद आचार्य, रेखा जैसवाल, नसिपदिन मियाँ र आशिष सिंहले मिलेमतो गरी भारतबाट भन्सार चोरी पैठारी गरी मालवस्तु नेपाल भित्र्याई काठमाडौं लगायतका ठाउँहरुमा विक्री वितरण गरी सो मालवस्तुको नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा आयकर समेत नतिरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन सहित) को दफा ३ ले निषेधित दफा ४ को खण्ड (क), (ख), (ज) र (झ) बमोजिम **राजस्व चुहावटको** कसुर गरेको ।

**३. कायम भएको बिगो र सजायको मागदावीः**

- प्रतिवादी नसिपदिन मियाँ, शंकर प्रसाद आचार्य, रेखा जैसवाल र आशिष सिंहलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संशोधन सहित) को दफा २(छ१)(ङ) बमोजिम रु. १,३८,५५,५३८/- (एक करोड अढतिस लाख पचपन्न हजार पाँच सय अढतिस मात्र) बिगो कायम गरी सोही ऐनको २३(१) बमोजिम प्रतिवादीहरुबाट बिगो असुल गरी बिगोको शतप्रतिशत जरिवाना गरी २३(१)(ख) बमोजिम कैद सजाय समेत हुन,

- प्रतिवादीहरु रेखा जैसवाल, नसिपदिन मियाँ र आशिष सिंहलाई सोही ऐनको दफा २(छ१) (क), (ख) र (ङ) बमोजिम रु ९,२१,९५,०३६/- (अक्षरुपी नौ करोड एक्काइस लाख पन्चानब्बे हजार छतिस रुपैया मात्र) बिगो कायम गरी सोही ऐनको दफा २३(१) र (२) बमोजिम प्रतिवादीहरुबाट बिगो असुल गरी बिगोको शत प्रतिशत जरिवाना गरी सोही ऐनको दफा २३(१)(ग) बमोजिम कैद सजाय समेत हुन मागदावी लिई अभियोगपत्र दायर गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**